**मिति २०७८।०१।१६ गते बसेको ७७ औं कार्यपालिका बैठकका निर्णयहरु :**
**निर्णय नं. १**

विश्वमा महामारीको रुपमा फैलिई रहेको नयाँ भेरियन्ट सहितको कोरोना भाइरस COVID-19 को दोस्रो लहर रोकथाम तथा नियन्त्रण गर्न देहाय वमोजिम गतिविधीहरु अवलम्वन गर्ने निर्णय गरियो ।

१.गाउँपालिका द्धारा नागरिक सचतनात्मक कार्यक्रम संचालन गर्ने । जस अन्तरगत टोल विकास संस्थाहरु ,नेपाल प्रहरी, स्वास्थ्यकर्मी,स्वास्थ्य स्वयम सेविकाहरु, शिक्षक, जनप्रतिनिधिहरु परिचालन गर्ने ।

२.गाउँपालिका क्षेत्र भित्र सभा,मेला,भिडभाड जस्ता कार्यक्रमको आयोजना वन्द गर्ने ।

३.मुलुक वाहिरवाट आउनेको व्यक्तिहरुलाई कम्तिमा १० दिन सामुदायीक वा होम क्वारेन्टाइनमा वसाल्ने ।

४.सामुदायिक क्वारेन्टाइनको स्थान वडा समितिले तोक्ने तथा व्यस्थापन गर्ने ।

५. मुलुक बाहिरबाट आएका व्यक्तिहरु क्वारेन्टाइन बसे नबसेको निगरानी वडा तथा टोलले राख्ने ।

६.शंकास्पद लक्षण तथा चिन्ह देखिएका विरामीको पि.सि.आर.परीक्षणको लागि स्वाव संकलन केन्द्र गा.पा.को कोभिड अस्पतालमा गराउने ।

७.संकलन भएको स्वाव PCR परीक्षण स्थान सम्म पठाउने व्यवस्थापन गा.पा.ले गर्ने ।

८.कम्तिमा १५ वेड सम्मको आइसोलेशन वार्डको व्यवस्थापनको लागि खेलकुदको भवन धामाचौरमा स्थापना गर्ने

९.गा.पा.अन्तरगतको सवै विद्यालयहरुको सम्पुर्ण पठनपाठन अर्को सूचना नभए सम्मको लागि वन्द गर्ने । पुर्व निर्धारित गाउँपालिका स्तरिय परीक्षा, विद्यालय स्तरिय परीक्षा तथा अन्य परीक्षा अर्को सुचना नभए सम्मका लागी स्थगित गर्ने ।

१०.कारोना भाइरस रोकथाम तथा नियन्त्रणको लागि सचेतना तथा प्रचार प्रसार गर्दा लाग्ने नास्ता खर्च प्रतिवडा रु ५०००। (अक्षरुपी पाचहजार रुपैया) मात्र गा.पा.वाट भुक्तानी हुने ।

११.जिल्ला बाहिरबाट गाउँपालिका प्रबेश गर्ने नागरिकहरुको यर्थात विवरण संकलन गरी सम्बन्धीत वडा अध्यक्षलाई तथ्याङक उपलब्ध गराउन सम्बन्धीत बाटोमा पर्ने प्रहरी चौकीलाई आग्रह गर्ने

**निर्णय नं.२**

यस परिवर्तन गाउँपालिकाको वडा नं ६ चप्कामा  नेपाल सरकारको मापदण्ड अनुसार १५ शैयाको अस्पतालको भवन निर्माणको लागि वोलपत्र आह्वान सम्बन्धी सूचना प्रकासित भए बमोजिम कार्यालयमा विद्युतिय माध्यामबाट रितपुर्वक पेश हुन आएको वोलपत्र प्रस्तावहरु सन्दर्भमा मुल्यांकन

समितिबाट प्राविधिक तथा आर्थिक मुल्याङकन भई देहायको बोलपत्र स्वीकृतीका लागी मुल्यांकन प्रतिबेदन पेश भएकोले उक्त मुल्यांकन प्रतिबेदनलाई पेश भए बमोजिम बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| **ठेक्का नं** | **ठेक्का विवरण** | **बोलपत्र दाताको नाम** | **कबोल अंक** |
|---|---|---|---|
| RM/Rolpa/W/BU /NCB/15/2077/78 | Construction of 15 Bed Hospital | Khani/Thodung/ Mission | १५,२०,९१,५८६।६२ |

**निर्णय नं.३**

आ.व.२०७८/०७९ मा कार्यन्वयन हुने लुम्बिनी प्रदेश समपुरक अनुदानको लागि देहाय वमोजिमको आयोजना तथा कार्यक्रमहरुलाई प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

प्रदेश सरकार  र स्थानीय तहहरुवीच सहकार्य समन्वय र सहभागिताका आधारमा लुम्बिनी प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि २०७५ वमोजिम योजना छनौट तथा वजेट विनियोजित गरी आ.व.२०७८/०७९ मा कार्यन्वयन हुने गरी समपुरक अनुदानको लागि देहाय वमोजिमको आयोजना तथा कार्यक्रमहरुलाई प्रदेश सरकार,आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| क.स. | योजनाको नाम | ठेगाना | गा.पा.वाट विनियोजित रकम | प्रदेश सरकारवाट विनियोजित रकम |
|---|---|---|---|---|
| १ | दाङवासा लिक्याङडाँडाँ भुतखोला मोटरवाटो | परिवर्तन १ रोल्पा | २५ लाख | २५ लाख |
| २ | चप्का डाँडागाउँ भावाङ जोडने बाटो स्तरोन्नती | परिवर्तन २ रोल्पा | २५ लाख | २५ लाख |
| ३ | केवरी झिंजा-वागमारा-राटामाटा,हाइवाङ मोटरवाटो | परिवर्तन ३ रोल्पा | २५ लाख | २५ लाख |
| ४ | कुङग्री दुमैखोला हलहले सुपेगैरी-दुमैखोला राहेकाटे राक्सेवाङ लुम्चेरी सिरुवाली कालापोखरा मोटरवाटो | परिवर्तन ४रोल्पा | २५ लाख | २५ लाख |
| ५ | वागमारा रगनाम त्रिवेणीखोला ग्रामझिम मोटरवाटो | परिवर्तन ५रोल्पा | २५ लाख | २५ लाख |
| ६ | चप्का गरासे लाकुरीचौर वडाकार्यालय-ओवाङ सुकिदह मोटरवाटो | परिवर्तन ५रोल्पा | २५ लाख | २५ लाख |
| | **जम्मा** | | **१ करोड ५० लाख** | **१ करोड ५० लाख** |

**निर्णय नं.४**

सामुदायिक विद्यालयका छात्राहरुका लागि प्रदेश सरकारको शशर्त अनुदान तर्फको स्यानिटरी प्याड खरिद कार्यका लागि आवश्यक बजेट विनियोजन भएकोले सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियामावली २०६४ अनुसार गाउँपालिका द्धारा खरिद गरी विद्यालयका छात्राहरुलाई वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

स्थानीय तहमा संस्थागत क्षमता विकासको लागि स्व-मुल्याङकन कार्यविधीमा निर्धारित सुचकका आधारमा गाउँपालिकाले हासिल गर्ने अंक र सो सम्बन्धी पुष्ट्याइका कागजात तयारी गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यापालिका बैठकमा पेश गर्नका लागि तीन सदस्य सहितको कार्य दल गठन गर्ने निर्णय गरियो ।

१. अधिकृत छैठौं श्री राजेश वोहरा -संयोजक

२.सु.प्र.अ.श्री जगदिश नगाल- सदस्य

३.सहायक पाँचौं श्री ललित कुमार बुढामगर- सदस्य

**निणर्य नं.६**

परिवर्तन गाउँपालिका भित्रका उपभोक्ताहरुलाई गुणस्तरीय खानेपानी उपभोग गरुन भन्ने उद्देश्यले पानीको गुणस्तर जाँच गरी उपभोग गर्ने भन्ने सन्दर्भमा नेपाल रेडक्रस सोसाइटी CFHP कार्यक्रम अन्तरगत यस गा.पा.भित्रका कुरेली,राङसी, वागमारा,पाछावाङ,राङकोट गरी ५ स्थानमा गुणस्तर जाँच गर्नको लागि केही मानवस्रोतलाई तालिम प्रदान गर्न सहयोग भएकोमा हाल उक्त स्थानहरुवाट गुणस्तर जाँच गर्न कार्य समेत प्रारम्भ भई सकेकोले आगामी दिनमा गुणस्तर खानेपानी जाँचको लागि आर्थिक व्यवस्थापन सम्वन्धित वडाले गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

श्री जनता माध्यामिक विद्यालय परिवर्तन ३ वागमारमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमवाट कक्षा कोठा थप शिर्षकमा रु १८ लाख रुपैया विनियोजन भई आएकोमा शिक्षा विकास निर्देशनालय बुटवलवाट प्राप्त  दुई कोठे भवन निर्माण कार्य हुदै गरेको भवन सम्पन्न भए पश्चात माथिल्लो तलामा कक्षाकोठा थप गर्नको लागि स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस परिवर्तन गाउँपालिका अन्तरगतको वडाहरुवाट विभिन्न समयमा राहत मागका लागि प्राप्त भएको निवेदनहरुलाई छलफल गर्दा निवेदनको प्रकृति अनुसार तपसिल वमोजिमको राहत तथा आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. स. | नाम थर | ठेगाना | क्षतिको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सीता बुढा | परिवर्तन ४ रोल्पा | मिति २०७७।११।४ गतेको दिन अचानक आगलागि भई घर पुर्णरुपमा क्षति भएको । | ८,०००। | |
| २ | नीम बहादुर घर्ति | परिवर्तन २ भुल्तुङ | मिति २०७७ ०४।२३ गते परेको अविरल वर्षाले खानेपानीको टयाङकी तथा पाइप क्षति पुरयाएको । | ७,०००। | |
| ३ | मोहनलाल ढकाल | वागचौर न.पा.९ सल्यान | सशस्त्र द्वण्द्वका कारण वाध्यात्मक अवस्थाले आन्तरीक रुपमा विस्थापित भई उपचारमा सहयोग | १०,०००। | |
| ४ | लालमणि डाँगी | परिवर्तन २ रोल्पा | राङसीको पिपलपाते टोलमा खानेपानीको मुहान सुकेर १४ घरदुरी समस्या परेकोले खा.पा.को लागि वैकल्पीक व्यवस्थापन गर्न | २०,०००। | |
| ५ | महेन्द्र बहादुर चन्द | परिवर्तन ३ रोल्पा | केवरीको गोवाङ टोलमा खानेपानीको समस्या भई पाइप व्यवस्थापन गर्न | २०,०००। | |
| ६ | भिम कुमारी वि.क. | परिवर्तन २ रोल्पा | २०७७।११।१० गतेको दिन विद्यालयवाट घर फर्कने क्रममा क्याङखोला टोलको वाटो छेउमा राखेको केन्द्रीय विद्युत लाइनको ट्रन्समिटरवाट करेन्ट लागि शरिर जलेको | २०,०००। | |
| ७ | मन कुमारी वि.क. | परिवर्तन २ रोल्पा | २०७७।११।१० गतेको दिन विद्यालयवाट घर फर्कने क्रममा क्याङखोला टोलको वाटो छेउमा राखेको केन्द्रीय विद्युत लाइनको ट्रन्समिटरवाट करेन्ट लागि शरिर जलेको | १५, ०००। | |

**निर्णय नं.९**

परिवर्तन गाउँपालिका वडानं. २ राङसीमा वर्षातको समयमा विभिन्न मितिमा हावा हुरी र पहिरोले मकैलाई क्षति पुरयाएकोले एकमुष्ट रुपमा प्रति घर रु ५००। को दरले जम्मा २४९ घर दुरी संख्यालाइ राहत उपलव्ध गराउने निर्णय गरियो । राहत रकम निकासा तथा वितरणका लागी सम्बन्धीत वडा सचिवलाई पेश्की उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १०**

यस परिवर्तन गाउँपालिकामा स्थापना गरिएको कोभिड-१९ अस्थायी अस्पतालमा करारमा कार्यरत हे.अ.स्तुती घर्ति मगर र का.स. प्रमिला घर्ति मगरको करार अवधी समाप्त भएको भएपनि नयाँ भेरियन्ट सहितको कोभिड-१९ को महामारीको दोस्रो लहर दिनानुदिन नेपालमा समेत बढि रहेको सन्दर्भमा अस्थायी अस्पताल व्यवस्थापन शर्शत बजेट जनशक्ति व्यवस्थापन बाट नै त.भ. भुक्तानी हुने गरी निजहरुको करार अवधी चालु आ.वको असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

स्वास्थ्य चौकी कुरेलीमा जनशक्ति अभाव भएकोले गत वर्ष देखिनै करार नियुक्ति भई कामकाज गर्दै आएका करार अ.हे.व भुपेन्द्र बुढा मगरलाई आगामी असार मसान्त सम्म कामकाज गराउने र निजको यस वर्षको सम्पुर्ण पारिश्रमिकता वडा नं १ तर्फ स्वास्थ्य चौकीका लागी अनुदान शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

वडा नं ६ को नाफेमा गोरेटो बाटो निर्माणका क्रममा पहिरो जाँदा घाइते भएका केहि व्यक्तिहरु लाई जिल्ला अस्पताल सम्म लैजादा एम्बुलेन्स भाडा बापत भएको खर्च रु २०,०००। भुक्तानी दिने निर्णय गरियो ।